बाखा विकास फार्म

चित्लाङ, मकवानपुर

**राष्ट्रियस्तरको बोलपत्र आह्वान सम्बन्धी सूचना**

सूचना नं. NCB/GDF/Goods/1/2080-81

(प्रथम पटक प्रकाशित मितिः २०८०/०३।०४)

आ.व.२०८०/०८१ मा फार्मलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित चोकर र दानाहरु राष्ट्रिय स्तरको बोलपत्र को माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट देहायको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र सम्बन्धी कागजात प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

बोलपत्र फाराम खरिद गर्न आ व.२०७९/०८० को लागि नवीकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.व .२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र संलग्न राखी लिखित निवेदन सहित रु३००० (अक्षेरुपी तीन हजार मात्र )-फिर्ता नहुने गरी ( राजस्व दस्तुर यसै बाखा विकास फार्मको नाममा जम्मा गरेको सक्कल भौचर बुझाई वा राष्ट्रिय बाणीज्य बैक हेटौडा शाखामा यस बाखा विकास फार्म चित्लाङ को कार्यालय कोड नं .३१२०२३२०२३ राजश्व शीर्षक नं.१४२२९( अन्य प्रशासनिक शुल्क) मा रु ३०००/ बुझाएको सक्कल बैक भौचर प्रती संलग्न गरी प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०८०/०४/०२) सम्म कार्यालय समयभित्र यस फार्मको कार्यालय, चित्लाङ, मकवानपुरबाट खरिद गर्न सकिने छ।

१. खरिद गरिएको बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन (मितिः२०८०।०४।०३) गतेको दिन दिउसो १२.०० बजे भित्र यस फार्मको नाम सम्बोधन गरी बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरि सही छाप गरी सिलबन्दी लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी आवश्यक कागजातहरु संलग्न राखी यस फार्मको प्रशासन शाखामा दर्ता गराइसक्नु पर्नेछ।सो बोलपत्र दर्ता गर्ने अन्तिम दिन (मितिः२०८०।०४।०३) गते दिउँसो २.०० बजे बोलपत्रदाता वा निजले अख्तियारनामा दिई पठाएका प्रतिनिधि समेतको रोहवरमा खोलिने छ।बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. बोलपत्र साथ, बैंक जमानत वा तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम,रकम जम्मा गर्न लगाउने कार्यालयको कार्यलय कोड ३१२०२३२०२३,कार्यलयको नामःबाखा विकास फार्म चित्लाङ उल्लेख गरी राष्ट्रिय बाणिज्य बैंक हेटौडामा रहेको प्र.ले.नि.का.(धरौटी खाता), खाता नं. १३०००१००२०२०३०००० मा रकम दाखिला गरेको सक्कलै बैंक भौचर वा यस फार्मको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ९० दिन अबधि (Validity) रहेको "क" वर्गको बाणिज्य बैंकको सक्कल बैंक जमानतपत्र (Unconditional Bid bond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

३. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुने छैन।बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा नेपाल सरकार/बागमती प्रदेश सरकारका अन्य प्रचलित ऐन, नियमहरु बमोजिम हुनेछ।

४. बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ।बोलपत्र सम्बन्धी कागजात आंशिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस फार्ममा निहित रहने छ।

५. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस फार्मको वेबसाइट http://gdfchitlang.gov.np वा फेसबुक पेज https://www.facebook.com/chitlanggoat वा मोबाइल न.9862299062/ 9855069484 वा कार्यालय, चित्लाङ, मकवानपुरमा आई बुझ्न सकिने छ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | आपूर्ती गर्नु पर्ने कामको विवरण | जमानत रकम | बोलपत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | NCB/GDF/Goods /1/2080-81 | गाइको DDC १६% प्रोटिनयुक्त दानाः १७०००/ के.जी. | ११५०००/ | ३०००.०० | २०८०।०४।२ | २०८०।०४।०३ | |
| | | शुद्ध चोकर:३५०००के.जी. | | | | | |
| | | मिश्रित बाखा खसीको दाना:२०००० के.जी. | | | | | |
| | | B2 (plate) दाना:२५०० के.जी. | | | | | |

फार्म प्रबन्धक
Farm Manager

Scanned with CamScanner